नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
(मालपोत तथा भूमिसुधार शाखा)

फ्याक्स न. ५३३०५८५
महानिर्देशक: ५३२३०४९
निर्देशक प्रशासनः- ५३२५९८२
निर्देशक योजनाः- ५३२६९८८
क.प्र.शाखाः- ५३६६४९३
आ.प्र.शाखाः- ५३६६४९३
पिए Ext.:- ५३२००२८

बबरमहल, काठमाण्डौ
नेपाल ।

पत्र संख्याः- २०७८/०७९/ज.प्र.१६/१ ।११३२
चलानी नं.:- २४५८

मितिः-२०७९/०३/०७

बिषयः- जानकारी सम्बन्धमा।

श्री भूमिसुधार तथा मालपोत कार्यालय, सबै ।
श्री मालपोत कार्यालय, सबै।

उपरोक्त सम्बन्धमा निवेदक विष्णु बहादुर सुनुवार विरुद्ध यस मन्त्रालय समेत भएको मुद्दा नं.०७८-WO-१४५३ को रिट निवेदनको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७९/०३/०५ गते भएको अन्तरिम आदेश **"निवेदनको अन्तिम टुंगो नलागेसम्म मिति २०७९/०२/२७ गते यस मन्त्रालयबाट भएको परिपत्रको प्रकरण नं.७ तत्काल कार्यान्वयन नगर्नु नगराउनु"** भनी अन्तरिम आदेश जारी भएकोले सोही बमोजिम गर्न गराउने व्यवस्था मिलाउन निर्देशानुसार अनुरोध छ भनी भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको च.नं.१६६८ मिति २०७९/०३/०७ को पत्रबाट लेखिआएकोले सोही अनुसार गर्ने गराउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ । साथै अदालतको आदेश यसैसाथ संलग्न छ ।

बोधार्थ:-
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा)
सिंहदरवार, काठमाण्डौ ।

Padam
2069-03-06
(पदम बहादुर बस्नेत)
शाखा अधिकृत

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

# नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(कानून तथा फैसला कार्यान्वयन शाखा)

प.सं.: १.२/२/का.फै/०७८/७९ | २०८
च.नं.: १६६८

मितिः- २०७९/०३/०७

विषयः जानकारी सम्बन्धमा ।

५९३५
०७९।३।८

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग
बबरमहल ।

निवेदक विष्णु बहादुर सुनुवार विरुद्ध यस मन्त्रालय समेत भएको मुद्दा नं. ०७८-WO-१४५३ को रिट निवेदनको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७९/०३/०५ गते भएको अन्तरिम आदेशमा **"निवेदनको अन्तिम टुंगो नलागेसम्म मिति २०७९/०२/२७ गते यस मन्त्रालयबाट भएको परिपत्रको प्रकरण नं. ७ तत्काल कार्यान्वयन नगर्नु नगराउनु"** भनी अन्तरिम आदेश जारी भएकोले सोही बमोजिम गर्न गराउने व्यवस्था मिलाउन निर्देशानुसार अनुरोध गर्दछु । साथै अदालतको आदेश यसैसाथ संलग्न छ ।

(सबिना महर्जन)
कानून अधिकृत

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

आदेश

०७८-WO-१४५३

मुद्दाः उत्प्रेषण समेत।

विष्णु बहादुर सुनुवार.........................................................................................१ निवेदक

विरूद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं समेत.........................................................................................६ प्रत्यर्थी

निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताहरू श्री राजु शास्त्री र श्री लक्ष्मण थपलियाले गर्नुभएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित म्याद सूचना पाएका मितिले बाटोको म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक/एक प्रति प्रतिलिपि समेत साथै राखी प्रत्यर्थीहरूका नाममा म्याद सूचना जारी गरी तामेल गराई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नू।

अन्तरिम आदेश समेत जारी गरिपाऊँ भन्ने निवेदन मागदावीको सम्बन्धमा हेर्दा, नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट मिति २०७९।२।२७ मा भएको निर्णयको कार्यान्वयनका लागि नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट जारी गरिएको च.नं. १६४० मिति २०७९।२।२७ को पत्रको प्रकरण (७) मा उल्लेख भएबमोजिम बैंक, वित्तीय संस्था वा सहकारी संस्थाबाट जग्गाको धितो बन्धक पारित हुनका लागि खेतीयोग्य जग्गा र गैर कृषियोग्य जग्गा भनी जग्गाको वर्गीकरण गरेपछि मात्र त्यस्तो लिखत पारित गर्ने भनी उल्लेख भएको देखियो। जग्गाको वर्गीकरण गर्ने आधारको रूपमा रहेको भनिएको उक्त भूउपयोग नियमावली, २०७९ को आधारमा

हालसम्म पनि जग्गाको वर्गीकरण भइसकेको देखिँदैन। जग्गाको वर्गीकरण नभएसम्म अनिश्चितकालसम्म जग्गा जमिन धितो बन्धकी राख्न नपाउने व्यवस्था गर्दा नागरिकको मौलिक हकसँग सम्बन्धित कतिपय कुरामा अनुचित असर पर्न जाने भएकाले प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म मिति २०७९।२।२७ को उक्त पत्रको प्रकरण (७) को तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम प्रत्यर्थीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिएको छ। सोको सूचना प्रत्यर्थीहरूलाई दिनू।

न्यायाधीश

इति सम्वत् २०७९ साल असार ५ गते रोज १ शुभम् ......................................।